# सूचना अद्यावधिक तथा प्रकाशन गरिएको सम्बन्धी नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको सूचना

**(२०८३ वैशाख १ देखि २०८३ असार ३२ गते सम्म)**

**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम यस बैंकसँग सम्बन्धित देहायका सूचना सूचिकृत गरी प्रकाशन गरिएको छ ।**

**क. निकायको स्वरुप र प्रकृति :**
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम संचालित पूर्वाधार विकास बैंक ।

**ख. निकायको काम कर्तव्य र अधिकार :**
बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ तथा नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारी गरेको एकीकृत निर्देशन - २०८२ बमोजिम का काम कर्तव्य र अधिकार रहेको छ ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
हाल कार्यरत कर्मचारी संख्या २९ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समूहको नाम र पद https://www.nifrabank.com मा हेर्न सकिन्छ ।

**घ. निकायबाट प्रदान गरिने सेवा :**
नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारि गरेको एकीकृत निर्देशन - २०८२ अनुसार बैंकले प्रदान गर्न सक्ने सम्पूर्ण सेवाहरु ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
यस बैंकले हालसम्म केन्द्रीय कार्यलय मार्फत मात्र कारोवार गर्ने/गराउने गरेको तथा बैंकको शाखा कार्यलयहरु नभएको । बैंकको रजिष्टर्ड कार्यालयको ठेगाना र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाइट https://www.nifrabank.com मा उपलब्ध छ ।

**च. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकमा सम्पर्क गरी वा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको वेवसाइट https://www.nifrabank.com बाट प्राप्त गर्न सकिनेछ ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकको कारोवारको सम्बन्धमा विभिन्न प्रकारका निर्णय विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने व्यवस्था/प्रकृया मिलाइएको छ ।

**ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि कानून विभागका प्रमुखलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको नाम तथा ठेगाना यस प्रकार रहेको छ ।

**श्री जीवनाथ सापकोटा**
(प्रमुख - कानुन विभाग)
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड, बानेश्वर-१०, काठमाण्डौं, फोन नं. ९७७ -१-४७९४१९७/४७९०८१८,
इमेल : jeeva.sapkota@nifrabank.com

**झ. सम्पादन गरेको कामको विवरण :**
नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारि गरेको एकीकृत निर्देशन - २०८२ बमोजिम पूर्वाधार विकास बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भैरहेका छन् ।

**ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद :**

**सूचना अधिकारी :**
**श्री सुवर्ण कुमार सिंह**
**(प्रमुख जोखिम एवं अनुपालन अधिकृत)**
इमेल : information.officer@nifrabank.com
ठेगाना : नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.,
बानेश्वर-१०, काठमाण्डौं,
फोन नं. : ९७७ -१-४७९४१९७/४७९०८१८

**प्रमुखको नाम र पद :**
**श्री कृष्ण वहादुर अधिकारी**
**(प्रमुख कार्यकारी अधिकृत)**
ठेगाना : नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.,
बानेश्वर-१०, काठमाण्डौं,
फोन नं. : ९७७ -१-४७९४१९७/४७९०८१८

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि :**
प्रचलित सम्पुर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने त्यस मध्ये देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् :

१. बैंक तथा वित्तीय संस्था सम्वधी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन २०७३)
३. बैंक तथा वित्तीय सस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (तेस्रो संशोधन २०८३)
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. विनिमय अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
११. नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारी गरेको एकीकृत निर्देशन -२०८२, आदि उपर्युक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु, नेपाल राष्ट्र बैंकका सम्पूर्ण निर्देशिका, परिपत्रहरु ।

**ठ. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै त्यस्तो विवरण बैंकको वेवसाइट https://www.nifrabank.com मा समेत उपलब्ध छ ।

**ड. तोकिए बमोजिम अन्य विवरण :**
बैंकले नियम अनुसार तोकिए बमोजिमका विवरणहरु समेत राष्ट्रिय स्तरको दैनिक पत्रिकाका साथै बैंकको वेबसाइटमा प्रकाशित गर्ने गरिएको छ ।

## साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय अनुसार रहेको छ

**क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण :**
आ.व. २०८०/८१ को वार्षिक साधारण सभा ।

**ख. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :** https://www.nifrabank.com

**ग. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
कृषि सम्वन्धि परियोजनाको pipeline तयार गर्न FAO सँग USD ५०,०००/- को आर्थिक सहयोगको लागि सम्झौता भएकोमा उक्त कार्य सुरुवात गर्न पहिलो किस्ता वापत ३०% रकम प्राप्त भएको ।

**घ. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन :**
यस बैंकले आ.व. २०८२/८३ को चौथो त्रैमासमा गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन निम्नानुसार रहेको छ :
१. विभिन्न पुर्वाधार परियोजनामा रु. ५६.१३ अर्ब बराबरको कर्जा स्वीकृत गरेको छ ।
२. सुचना अवधि सम्म बैंकको उर्जा ऋणपत्र, हरित उर्जा ऋणपत्र र मुद्दति बचत मार्फत संकलन गरेको कुल स्रोत रु. १४.७२ अर्व पुगेको छ ।


**ङ. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
सूचना वर्गीकरण गरिएको अवस्था नभएको, सूचना अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको छ ।

**च. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :**
सूचना माग सम्बन्धी निवेदन नपरेको ।

**छ. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**
यस बैंकको वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाइटमा समेत प्रकाशन गरिएको छ । बैंकको त्रैमासिक आर्थिक विवरण, व्याजदर र अद्यावधिक सूचनाहरु राष्ट्रिय स्तरका दैनिक पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेबसाइटमा राख्ने गरिएको छ । साथै, बैंकले प्रदान गर्ने सेवा, सुविधाहरुको विवरण र सूचनाहरु समेत नियमित रुपमा वैंकको वेबसाइटमा अद्यावधिक गर्दै आएको छ ।

NIFRA
Nepal Infrastructure Bank Ltd.
समृद्ध नेपालको लागि
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त पूर्वाधार विकास बैंक)

कृष्ण टावर, बानेश्वर, काठमाडौं, नेपाल
फोन : ९७७-०१-४७९४१९७/४७९०८१८
www.nifrabank.com, Email: info@nifrabank.com



Size: 3x31